इमेल – *chulachuli.ruralmunicipality@gmail.com*

# चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चुलचुली, इलाम
## १ नं प्रदेश, नेपाल

पत्र संख्या (क.प्र.) :२०७७/०७८ मिति (Date) : २०७८/०३/१३
च. नं.(Ref.No.) :

### आ.व.२०७८/०७९ को निकासी कर आय ठेक्का बन्दोबस्तसम्बन्धी बोलपत्र आव्हानको सूचना
*(प्रथम पटक प्रकाशित मिति २०७८/०३/१३)*

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरे वमोजिम आ.व. २०७८/०७९ का लागि यस गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने कृषि तथा पशुजन्य वस्तुको निकासीमा गाउँपालिकाले उठाउन पाउने कर, दस्तुर र सेवा शुल्कका ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले तपशीलको शर्तहरुको अधिनमा रही इच्छुक फर्म, व्यक्ति वा कम्पनीहरुले तोकिएको अवधिभित्र रीतपूर्वकको शिलबन्दी बोलपत्रमा भाग लिन हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील**

| क्र.सं. | विवरण | न्यूनतम अंक | फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र बुझाउने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | कृषि तथा पशुजन्य वस्तुको निकासीमा लगाइने कर ठेक्का न ४२/२०७७/०७८ | ६००,०००। (छ लाख मात्र) | रु. १०००। (एक हजार मात्र) | २०७६ असार २७ गते कार्यालय समयभित्र | २०७६ असार २८ गते दिनको १२ बजेसम्म | २०७६ असार २८ गते दिनको २ बजे | गाउँपालिकाको कार्यालय |

१. यो गोप्य शिलबन्दी बोलपत्र प्राप्त गर्ने मिति, समय र स्थान गाउँपालिकाको कार्यालय चुलाचुलीमा मिति २०७८/०३/१३ देखि मिति २०७८/३/२७ गते दिनको कार्यालय समयसम्म हुनेछ ।
२. गोप्य शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति २०७८ असार २८ गते दिनको १२:०० बजेसम्म हुनेछ तथा रितपूर्वक परेको शिलबन्दी वोलपत्र सोही दिन दिनको २:०० बजे चुलाचुली गाउँपालिकाको कार्यालय, इलाममा खोलिने छ ।
३. गोप्य शिलबन्दी बोलपत्रमा भाग लिनेले कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम एन.एम.बी. बैंक चुलाचुली शाखामा रहेको धरौटी खाता नं. १०३००६०७४४२०००३७ मा जम्मा गरी सक्कलै भौचर शिलबन्दी बोलपत्रमा समावेश गर्नु पर्नेछ ।
४. गोप्य शिलबन्दी बोलपत्र स्वीकृत भएको मितिले ७ दिनभित्र सम्झौता गरी एकमुष्ठ ठेक्का रकम गाउँपालिकाको खातामा बुझाई बैंक भौचर पेश गर्नु पर्नेछ । एकमुष्ठ ठेक्का रकम बुझाउँदा १० प्रतिशतसम्म छुट दिन सकिने छ । किस्ताबन्दीमा छुटको सुविधा दिईने छैन । यदि किस्ताबन्दीमा बुझाउन चाहेमा सम्पूर्ण ठेक्का रकमको ३५% सम्झौताका बखत, ३५% ले हुने रकम ०७८ मङ्सिर मसान्तभित्र र बाँकी ३०% ले हुने रकम २०७९ वैशाख मसान्तभित्र यस कार्यालयमा बुझाई सक्नुपर्नेछ । तोकिएको समयमा तोकिएको किस्ता नबुझाएमा ठेकेदारले पेश गरेको बैंक जमानतबाट संझौता अनुसारको ठेक्का रकम असुल गरिनेछ । धरौटी रकमलाई किस्तामा समावेश गरिनेछैन ।
५. ठेक्का स्वीकृत भएपछि ठेकेदारले पूरा गर्नुपर्ने शर्त पूरा नगरेको कारणबाट ठेक्का बदर गर्नु पर्ने भएमा ठेकेदारको धरौटी रकम जफत हुनेछ ।
६. ठेक्का सम्झौता भएपछि हडताल, चक्का जामजस्ता कारण देखाइ ठेक्का दर छुट वा मिनाहाको लागि निवेदन दिइएमा सम्झौता रकममा कुनै कारबाही वा छुट हुने छैन ।
७. नेपाल सरकार तथा गाउँपालिकाले समय समयमा दिएको निर्देशन पूर्ण रुपमा पालना गर्नुपर्नेछ । साथै ठेक्कासम्बन्धी कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।
८. करको दररेटहरु गाउँपालिकाले उपलब्ध गराएको अनुसार असुल उपर गर्नुपर्नेछ ।
९. फारममा अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । केरमेट भएमा अक्षरमा लेखिएको कबुल अंकलाई सदर गरिनेछ ।
१०. विगतमा गाउँपालिकको ठेक्का बुझाउनु पर्ने रकम बक्यौता रहेको व्यक्ति वा परिवारको अन्य सदस्यले ठेक्कामा सहभागी हुन पाउँदैन ।
११. फारम खरिद गर्न लिखित निवेदन साथ नेपाली नागरिकताको प्रतिलिपिसमेत पेश गर्नुपर्नेछ ।
१२. म्याद नाघेर तथा रीत नपुगी प्राप्त हुने फारम उपर कुनै कारबाही हुने छैन ।
१३. उल्लेखित शर्तहरुबाहेक अन्य कुराहरु प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।
१४. ठेक्का अवधि २०७८ साउन १ गतेबाट २०७९ असार मसान्तसम्मको लागि हुनेछ ।
१५. अन्य जानकारीका लागि गाउँपालिकाको कार्यालय चुलाचुलीमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

*"कृषी, पर्यटन र पूर्वाधारमा उन्नती, चुलाचुली गाउँपालिकाबासीको समुन्नती"*



प्रमुख प्रशासकीय अधिकृत

## चुलाचुली गाउँपालिकाको कार्यालय, इलाम
## आ.व. २०७८/०७९ का लागि करको स्वीकृत दररेट

| क्र.सं. | विवरण | इकाइ | दर रु. मा |
|---|---|---|---|
| १. | चिरैतो | के.जी | १० |
| २. | रिठ्ठा | के.जी | २ |
| ३. | पांग्रा | के.जी | १ |
| ४. | सिन्कौली( दालचिनी ) | के.जी | ५ |
| ५. | मजिटो | के.जी | ५ |
| ६. | पिपला | के.जी | २ |
| ७. | ईन्द्रेणी बियाँ | के.जी | ०.२५ |
| ८. | धुपी | के.जी | ५ |
| ९. | झ्याउ | के.जी | ५ |
| १०. | चिउरीको वियाँ | के.जी | १ |
| ११. | पाखनवेद | के.जी | ५ |
| १२. | ओखर | के.जी | ५ |
| १३. | कुरिलोको जरा | के.जी | २ |
| १४. | हाडे लसुन | के.जी | २ |
| १५. | हर्रो, बर्रो | के.जी | १ |
| १६. | बोझो | के.जी | २ |
| १७. | अमला | के.जी | १ |
| १८. | च्याउ | के.जी | १ |
| १९. | अदुवा | के.जी | ०.५० |
| २०. | टिमुर | के.जी | १ |
| २१. | उल्लेख नभएका अन्य जडिवुटि | के.जी | १.५० |
| २२. | छ्वाली | प्रति ट्रक/प्रति ट्रया | १००/८० |
| २३. | खर, पराल | प्रति ट्रक/प्रति ट्रया | १००/८० |
| २४. | बाबियो, निगालो | के.जी. | १.५० |
| २५. | लोक्ता | के.जी. | २ |
| २६. | पटेर, अम्लीसो कुचो | के.जी | ०.५० |
| २७. | बाँस | प्रति गोटा | १ |
| २८. | काचो छाला | प्रति के.जी. | ५ |
| २९. | नेपाली कागज | प्रतिकोरी | ५ |
| ३०. | अर्गेली | प्रति के.जी. | २ |
| ३१. | खयर | प्रति के.जी. | १ |
| ३२. | काठको विड, वोर्ड | प्रति गोटा | ०.५० |
| ३३. | काठको खाट | प्रति गोटा | १० |
| ३४. | काठको टेवल | प्रति गोटा | ५ |
| ३५. | काठको कुर्सी | प्रति गोटा | ५ |
| ३६. | काठको दराज | प्रति गोटा | १० |
| ३७. | वस्ने मुडा | प्रति गोटा | १ |
| ३८. | नरिवल सुकेको | प्रति के.जी | ०.५० |
| ३९. | नरिवल काँचो | प्रति गोटा | ०.१० |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ४०. | अलैची | प्रति के.जी | १० |
| ४१. | दाना( रुद्राक्ष) मुल्यवान वाहेक | प्रति के.जी. | १ |
| ४२. | तरकारी (वन्दाकोपी फूलकोपी, स्कुस | प्रति मन | ५ |
| ४३. | अन्य तरकारीजन्य वस्तु | प्रति के.जी. | ०.२५ |
| ४४. | सुन्तला, कागती | प्रति के.जी. | १ |
| ४५. | नासपाती | प्रति के.जी. | ०.५० |
| ४६. | आलु | प्रति मन | ५ |
| ४७. | छुर्पि | प्रति के.जी. | २ |
| ४८. | माछा आलो | प्रति के.जी. | २ |
| ४९. | चिया सुकेको तयारी | प्रति के.जी. | २ |
| ५०. | चिया हरीयो पत्ती | प्रति के.जी. | ०.२० |
| ५१. | कफी | प्रति के.जी. | २ |
| ५२. | गाई, गोरु | प्रति गोटा | १०० |
| ५३. | राँगा, भैसी, घोडा | प्रति गोटा | १५० |
| ५४. | भेडा, बाखा, खसी, बोका | प्रति गोटा | ३० |
| ५५. | सुगुर, वंगुर | प्रति गोटा | ३० |
| ५६. | पाँडा पाडी, बाच्छा बाच्छी | प्रति गोटा | १० |
| ५७. | अन्य चौपाया | प्रति गोटा | २० |
| ५८. | हाँस, कुखुरा | प्रति गोटा | ५ |
| ५९. | केरा | प्रति घरी | ५ |
| ६०. | सुकेको हर्दी | प्रति के जी | २ |
| ६१. | सुकेकोलसुन | प्रति के.जी. | २ |
| ६२. | जुनार, निबुवा | प्रतिके.जी. | २ |
| ६३. | बोडी, गहत, दाल, फिलुङ्गे, दलहन,भट | प्रतिके.जी. | ०.२५ |
| ६४. | कालो मास | प्रति के.जी | |
| ६५. | आँप, लिची | प्रति के.जी. | ०.२५ |
| ६६. | काँचो हर्दी | प्रति के.जी. | ०.२५ |
| ६७. | कटहर | प्रति के.जी. | ०.१० |
| ६८. | तोरी र तेलहन | प्रति के.जी. | ०.२५ |
| ६९. | पिना | प्रति के.जी. | ०.२५ |
| ७०. | गँहु, धान | प्रति मन | २ |
| ७१. | चामल | प्रति मन | २ |
| ७२. | कोदो | प्रति मन | २ |
| ७३. | मैदा पिठो | प्रति मन | २ |
| ७४. | मकै | प्रति मन | २ |
| ७५. | सुर्यमुखि | प्रति के.जी | ०.१० |
| ७६. | गुण लाली | प्रतिटिन | २ |
| ७७. | फापर, खरवुजा, काक्रो | प्रति के.जी | ०.१५ |
| ७८. | मुराही, चिउरा | प्रति के.जी | ०.०५ |
| ७९. | भुई कटहर | प्रति गोटा | ०.२५ |
| ८०. | पानको पात | प्रति टोकरी | २ |
| ८१. | पिडालु | प्रति के.जी | ०.१० |
| ८२. | उखु | प्रति ट्रक/ट्रयाक्टर | २००/१०० |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ८३. | तरुलजन्य बस्तु | प्रति के.जी. | ०.२५ |
| ८४. | सुपाडी काँचो | प्रति के.जी | १ |
| ८५. | सुपाडी सुकेको | प्रति के.जी. | ३ |
| ८६. | सिन्का बाँसको | प्रति मन | ३० |
| ८७. | अण्डा | प्रति क्यारेट | १ |
| ८८. | सिसौ, साल गोलिया | प्रति क्यू. फिट | १५ |
| ८९. | सिसौ, साल चिरान | प्रति क्यू. फिट | १२ |
| | अन्य काठ, चट्टा चिरान/गोलिया | प्रति ट्रयाक्टर | ५०० |
| ९०. | अन्य काठ, चट्टा चिरान/गोलिया | प्रति ट्रक | १००० |
| ९१. | दाउरा चट्टा | प्रति कट्र हाफ | २०० |
| ९२. | | प्रति कट्र सानो फुल | ३०० |
| ९३. | | प्रति ठुलो ट्रक | ४०० |
| ९४. | प्लाई बोर्ड | प्रति ट्रक | १००० |
| ९५. | तेज पत्ता | प्रति के.जी. | २ |
| ९६. | अम्लिसोको तयारी कुचो | प्रति गोटा | ३ |
| ९७. | अकवरे खुर्सानी हरियो | प्रति के.जी. | ०.५० |
| ९८. | अकवरे खुर्सानी सुकेको | प्रति के.जी | १.५० |
| ९९. | डोको, नाङ्लो, डालो, मान्द्रो (व्यावसायीक निकासी | | २ |
| | ढाका टोपी १ दर्जन भन्दा माथी मात्र | प्रति गोटा | ५ |
| १०१. | सर्ट, चौवन्दी १ दर्जन भन्दा माथी मात्र | प्रति गोटा | ५ |
| १०२. | ढाका साडी १ दर्जन भन्दा माथी मात्र | प्रति गोटा | २५ |
| १०३. | ढाका ठुलो पछ्यौरी, कुर्ता सलवार १ दर्जन भन्दामाथि मात्र | प्रति गोटा | १५ |
| १०४. | मह | प्रति के.जी. | १० |
| १०५. | गुजरगानो | प्रति के.जी. | १ |
| १०६. | चिङफिङ, सुनथाङ्ने | प्रति के.जी. | १५ |
| १०७. | घिउ/चिज (दुग्ध विकास वाहेकको ) | प्रति के.जी. | २ |
| १०८. | एभाकाडो, किवी फल | प्रति के.जी. | ५ |
| १०९. | मटरकोसा, भटमासकोसा | प्रति मन | ७ |
| ११०. | किवी | प्रति के.जी. | ५ |
| १११. | बिरुवा | प्रति गोटा | ०.२५ |

- ***फलफूल तथ तरकारीको हकमा अधिकतम ५ के.जी. सम्म ढुवानी गर्दा निकासी करवापत रकम रकम लिन पाइने छैन ।***
- कर संकलन केन्द्रह गाउँपालिकाको कार्यालयले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ ।
- कर संकलन केन्द्रबाट दैनिक लगत संकलनका लागि गाउँपालिकाले आवश्यक व्यवस्था मिलाउनेछ ।

प्रमुख प्रशासकीय अधिकृत